नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२

चलानी नं.: ३५०

मितिः२०८२/०१/११

नेपाल संवत् ११४५

श्री नगरपालिका (सबै),

श्री गाउँपालिका (सबै)।

विषयः- भ्रष्टाचार निवारण (पहिलो संशोधन) ऐन, २०८१ को दफा १७क मा "निर्णय नगरी हानी नोक्सानी पुऱ्याउनेलाई सजाय" सम्बन्धमा।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. भ्र.नि./५२१/५४२८, मिति २०८२/०१/०९ को भ्रष्टाचार निवारण (पहिलो संशोधन) ऐन, २०८१ को दफा १७क मा "निर्णय नगरी हानी नोक्सानी पुऱ्याउनेलाई सजाय" सम्बन्धी पत्र र सोसाथ प्राप्त पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..................

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः-

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनु हुन।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

पत्र संख्या : ०८१/८२
च.नं. : भ्र.नि./५२१/५४२८

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०८२/०१/०९
ने.सं.:- ११४५ चौलागा ९, मंगलबार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सचिवज्युको कार्य कक्ष ८३९ २०८२।१।११

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३५६६
दर्ता मिति:- १।१०

प्रिय सहकारीज्यू,

विषयः परिपत्र सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयको च.नं. भ्र.नि./५२१/५३४९, मिति २०८२।०१।०५ को यसै साथ संलग्न पत्र प्राप्त भई व्यहोरा अवगत भएकै छ। उक्त पत्रमा उल्लेखित व्यहोरा तहाँ मन्त्रालय मार्फत सम्पूर्ण स्थानीय तह तथा जिल्ला समन्वय समितिमा परिपत्र गरिदिने व्यवस्थाको लागि अनुरोध गर्दछु।

श्री सचिव
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

श्री संघीय मामिला महाशाखा
२०८२।१।११

चुडामणि पौडेल
सचिव

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं

प.सं ०८१/८२
च.नं.: भ्र.नि/५२१/५३४६

मितिः २०८२/०१/०५
ने.सं. ११४५ चौलागा ५, शुक्रबार

प्रिय सहकारीज्यू,

विषयः कार्यान्वयन सम्बन्धमा ।

संवत् २०८१ चैत ३ गते सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई कार्यान्वयनमा आएको भ्रष्टाचार निवारण (पहिलो संशोधन) ऐन, २०८१ को दफा १७क मा "निर्णय नगरी हानी नोक्सानी पुऱ्याउनेलाई सजाय" सम्बन्धी व्यवस्था थप गरिएको व्यहोरा विदितै छ।

उक्त दफामा "कुनै राष्ट्रसेवकले कानून बमोजिम कुनै खास अवधिभित्र कुनै निर्णय गरिसक्नु पर्नेमा मनासिब कारण परेको अवस्थामा बाहेक जानी जानी आफू वा अरु कसैलाई लाभ लिई, दिई वा दिलाई बदनियतपूर्वक त्यस्तो निर्णय नगरेको कारणबाट सार्वजनिक संस्था वा व्यक्तिलाई हानी नोक्सानी पुग्न गएको रहेछ भने त्यस्तो राष्ट्रसेवकलाई कसूरको मात्रा अनुसार छ महिनासम्म कैद वा हानी नोक्सानीको बिगो खुलेकोमा बिगो बमोजिम र बिगो नखुलेकोमा पचास हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ" भन्ने व्यवस्था रहेको छ ।

अतः तहाँ मन्त्रालय/आयोग र मातहत निकायका जिम्मेवार पदाधिकारी/कर्मचारीहरूबाट समयमै निर्णय र कार्य गर्ने, गराउने व्यवस्था मिलाई निर्णय नगरेको कारणबाट सार्वजनिक संस्था वा व्यक्तिलाई हानी नोक्सानी पुग्न जाने अवस्था आउन नदिन अनुरोध गर्दछु ।

श्री सचिव
सबै मन्त्रालय, आयोग/निकाय।
श्री प्रमुख सचिव, सबै प्रदेश।

चूडामणि पौडेल
सचिव

सादर अवगतार्थः
श्रीमान् मुख्यसचिवज्यू, नेपाल सरकार।
बोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल।
सम्माननीय प्रधानमन्त्रीको निजी सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
राष्ट्रिय सतर्कता केन्द्रः- नियमित अनुगमन गरी प्रतिवेदन गर्ने।

टेलिफोन :५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, गो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
इमेल :opmcmreform@gmail.com, info@nepal.gov.np वेब साइट : www.opmcm.gov.np